शहीदनगर नगरपालिका

Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

यदुकुहा, धनुषा, नेपाल

Yadukuha, Dhanusha, Nepal

पत्र संख्या :- २०८१/०८२

चलानी नं.:-

मधेश प्रदेश (Madhesh Province)

मिति-२०८१।११।२९

## शुभकामना तथा सन्देश

फागु पुर्णिमा (होली पर्व) २०८१ को अवसरमा म सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीवहिनीहरुमा सुख, शान्ति र समृद्धिकालागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।नेपाल बहुजातीय, बहुभाषिक, वहुसांस्कृतिक, बहुधार्मिक विशेषताहरुले भरिएको सुन्दर देश हो। अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रा साझा पहिचान हुन्। यहाँका प्रत्येक जातजाति र धर्मावलम्बीहरुका आ आफ्नै साँस्कृतिक महत्व बोकेका मौलिक परम्परा छन्। हाम्रा चाडपर्वहरुले समुदायबीच सद्भाव बढाउछन्। समुदायलाई एकताबद्ध गर्न सघाउछन्। विभिन्न धर्म, भाषा र संस्कृति मान्ने समुदायहरुलाई आआफ्ना मौलिक परम्परा र संस्कृतिको अनुसन्धान, संरक्षण र सम्वर्धन गर्न पनि अभिप्रेरित गर्दछन्।असत्यमाथि सत्य र खरावमाथि असल पक्षको विजयको रुपमा लिइने र उल्लासपूर्वक मनाइने फागु अर्थात होली पर्वले मानव जीवनलाई रंगीन र उल्लासमय बनाउन प्रेरित गर्दछ।यस वर्षको फाल्गुन २९ गते पहाडमा र चैत्र १ गते तराई मा मनाइने फागु पुर्णिमा (होली पर्व) ले सम्पूर्ण नेपालीमा नयाँ उत्साह, उमंग र हौसला प्रदान गरोस् र सबै समुदायकावीच एक आपसमा भाइचारा र घनिष्ठता अभिवृद्धि गर्नमा सहयोग पुऱ्याओस भन्ने शुभेच्छा सहित सबैको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

........................................

दिनेश प्रसाद यादव

नगर प्रमुख

दिनेश प्रसाद यादव
नगर प्रमुख